बैठक संख्याः ६/२०८२/०८३

मितिः २०८२/०९/०६

समयः  दिउँसो १:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

अन्य

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ६/०८२-८३ मिति २०८२।०९।०३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

र्णय नं. १:

ाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बैठकको निर्णय कार्यान्वय सम्बन्धमा समीक्षा गर्दा धिकांश निर्णयहरु कार्यान्वयन भएको खुसी व्यक्त गर्दै बाँकी निर्णयहरु समेत शिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

ाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा/इकाई/वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो।

निर्णय नं. ३:

र्णराम बुढाको नाति, अर्थलाल बुढाको छोरा जिल्ला पूर्वि रुकुम साविक काँडा गा.बि.स. वडा नं.१ हाल भूमे गाउँपालिका वडा नं. ४ काँडा घर भई हाल जिल्ला दाङ घोराही उप. म. न. पा. वडा नं १४ स्वर्गद्धारी टोलमा बस्ने वर्ष ४४ का भरत कुमार बुढा (ना.प्र.नं. ३(००४)/ ८१७ ले रुकुमकोट जिल्ला अदालतमा जग्गा खिचलो मेटाई टहरा तुईन तार पोल संरचना हटाई जग्गा खाली गरी चलन चलाई पाउँ भनी दायर मुद्धामा भूमे गाउँपालिकाको कार्यालय, भूमे गाउँपालिकाको अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ तथा भूमे गाउँपालिकाको न्यायिक समितिका संयोजक तथा उपाध्यक्ष श्री सविना बुढामगर लगायत समेतलाई बिपक्षी बनाएकोमा भूमे गाउँपालिकाको कार्यालय, भूमे गाउँपालिकाको अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ तथा भूमे गाउँपालिकाको न्यायिक समितिका संयोजक तथा उपाध्यक्ष श्री सविना बुढामगर समेतको प्रतिउत्तरपत्र र कानून बमोजिमको लिखित प्रमाणपत्र पेस गर्नको लागी भूमे गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री देविलाल विकलाई प्रतिउत्तर लगाउनको अख्तियारी प्रदान निर्णय सर्वसम्मतिमा गरियो ।

निर्णय नं. ४:

भूमे गाउँपालिका वडा नं. ७ धर्माशाला निबासी श्री फर्के रोकाबाट मिति २०८१।०४।०४ गते परेको अविरल बर्षाको कारण घर, बाख्राको खोर, बँगुरको खोर र घर समेत जोखिम रहेको बेहोरा सहितको पुलिस सर्जमिन मुचुल्का सहित निबेदन प्राप्त भएकोले निजलाई ५ ओटा ग्याबिन जाली दिने निर्णय गरियो ।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | | |

निर्णय प्रमाणित गर्दछु ! हस्ताक्षर: मिति: पद: